सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या : ७ मिति: चैत्र २६ गते, २०७८

## भाग- २

### सिद्धार्थनगर सहकारी नियमावली, २०७८

सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा १०१ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी सिद्धार्थनगर नगरकार्यपालिकाले देहायको नियमहरु बनाइ लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमावलीको नाम "सिद्धार्थनगर सहकारी नियमावली, २०७८" रहेको छ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमाः

(क) "ऐन" भन्नाले सिद्धार्थनगर सहकारी ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले चल-अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, व्याज र हर्जाना रकम सम्झनु पर्छ ।

(ग) "अनुदान" भन्नाले सिद्धार्थनगर नगरपालिकाले तोकेको क्षेत्र, सीमा, प्रकृतिमा लगानी गर्न उपलब्ध गराउने शसर्त वा निःशर्त सहयोग रकम सम्झनुपर्छ ।

(घ) "कार्यालय" भन्नाले स्थानीय सहकारी कार्यालय वा सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको सहकारी विषय हेर्ने शाखालाई सम्झनु पर्छ ।

सिद्धार्थनगर नगरपालिका

(ङ) "बचत" भन्नाले सदस्यले नियमित रुपमा अनिवार्य जम्मा गर्ने बचत दैनिक, साप्ताहिक, पाक्षिक, मासिक वा वार्षिक रुपमा गर्ने बचत रकम सम्झनु पर्छ ।

(च) "बहुउद्देश्यीय सहकारी संस्था" भन्नाले उत्पादक, उपभोक्ता र श्रमिक सदस्य भएको संस्था सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सहकारी विषय हेर्ने संघीय तथा प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी ऐन बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ र सो शब्दले प्रदेश सहकारी ऐन बमोजिमको दर्ता अधिकारी र ऐनको दफा ६८ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारीलाई समेत जनाउँछ ।

(झ) "कर्जा" भन्नाले चलअचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, आर्जित व्याज र हर्जाना रकम सम्झनु पर्छ ।

(ञ) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको प्रशासकीय प्रमुखको रुपमा रहने व्यवस्थापकलाई सम्झनु पर्छ र सो शब्दले प्रवन्धक वा कार्यकारी निर्देशक वा प्रमुख कार्यकारी अधिकृत समेतलाई जनाउँनेछ ।

(ट) "संस्थागत पूँजी" भन्नाले संस्थाको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटापूर्ति कोषको रकम सम्झनुपर्छ ।

(ठ) "संघीय सहकारी कानून" भन्नाले सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ तथा सो अन्तर्गत जारी भएको कार्यविधि, निर्देशिका, मापदण्ड तथा निर्देशन समेत सम्झनुपर्छ ।

(ड) "परियोजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, सिद्धार्थनगर नगरपालिका र सरकारी तथा गैर सरकारी संघ वा संस्थासँग निश्चित समय तोकी वा बहुवर्षिय रुपमा संचालनमा गर्ने योजना, आयोजना र परियोजना लगायतका कार्यक्रमहरु समेतलाई सम्झनुपर्छ ।

(ढ) "सहकारी संजाल" भन्नाले सिद्धार्थनगर नगरपालिकाको नियमनमा रहेका सहकारी संस्थाहरुको प्रवर्द्धन र दिगो विकास तथा समन्वय स्थापित गर्न गठन गरिएको सिद्धार्थनगर सहकारी संजाल सम्झनुपर्छ ।

## परिच्छेद-२
## संस्थाको गठन, दर्ता तथा संचालन

**४. संस्था दर्ताको दरखास्तको ढाँचा र पेश गर्नु पर्ने विवरण** : (१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारी समक्ष संस्था दर्ता गर्नको लागि **अनुसूची-१** को ढाँचामा दरखास्त दिंदा ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रतिवेदन

सिद्धार्थनगर नगरपालिका

**अनुसूची-२** को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण **अनुसूची-३** को ढाँचामा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिँदा ऐनको दफा ५ को उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण समेत संलग्न गर्नु पर्नेछ ।

(क) प्रारम्भिक भेलाका निर्णयहरू

(ख) **अनुसूची-४** को ढाँचामा व्यावसायिक कार्ययोजना

(ग) **अनुसूची-५** को ढाँचामा सदस्यबाट शेयर पूँजी तथा प्रवेश शुल्क बापत सङ्कलित रकमको भरपाई र सो रकम बैंकमा जम्मा गरेको सक्कल भौचर

(घ) **अनुसूची-६** को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको तीनपुस्ते विवरण

(ङ) **अनुसूची-७** को ढाँचामा स्व-घोषणापत्र

(च) **अनुसूची-८** को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र

(छ) आवेदकहरूको नेपाली नागरिकता प्रमाण-पत्र वा राष्ट्रिय परिचयपत्रको प्रमाणित प्रतिलिपि

(ज) आवेदकहरू संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको पुष्ट्याई हुने प्रमाण

(झ) आवेदकहरू प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार,

(ञ) आवेदकहरूले दर्ता गर्ने अधिकारीले तोकिदिए बमोजिम कम्तिमा एक दिवसीय पूर्व सहकारी शिक्षा तालिम प्राप्त गरेको आवेदकहरू प्रत्येकको प्रमाणपत्रको प्रतिलिपि,

(ट) आवेदकहरू प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार,

(ठ) पेशागत संगठनको आधारमा दर्ता हुने संस्थाको हकमा त्यस्तो पेशागत संगठनको आबद्धताको परिचयपत्रको प्रतिलिपि,

**५. दर्ताको प्राथमिकताः** संस्था दर्ताको लागी एउटै वडामा एक भन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिनु पर्नेछ ।

**६. दर्ताको प्रमाणपत्रः** ऐनको दफा ६ को उपदफा (१) बमोजिम दर्ता भएको संस्थालाई दर्ता गर्ने अधिकारीले **अनुसूची-९** बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

**७. बचत तथा ऋण सहकारी संस्था दर्ताको मापदण्डः** (१) सिद्धार्थनगर नगरपालिकाको प्रत्येक वडामा रहेको जनसङ्ख्याका आधारमा प्रत्येक दुई हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था दर्ता गरिनेछ ।



सिद्धार्थनगर नगरपालिका

(२) अन्य विषयगत प्रारम्भिक सहकारी संस्था दर्ता गर्दा एक वडा एक विषयगत सहकारी पर्ने गरी विषयगत सहकारी संस्था नभएका वडामा मात्र सम्भाव्यता अध्ययन गरी अध्ययन प्रतिवेदनको आधारमा नयाँ सहकारी संस्था दर्ता गरिनेछ ।

(३) उपनियम (१) बमोजिम संस्थाको सङ्ख्या निर्धारण गर्दा सिद्धार्थनगर नगरपालिका भित्र कार्यक्षेत्र सीमित भएका तथा वडाभित्र कार्यालय रहेका र छिमेक वा बसोबासको साझा बन्धनमा दर्ता गरिएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको मापदण्डभन्दा बढी भएका वचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाहरू नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र नियम ३३ बमोजिम एकीकरण भइसक्नुपर्नेछ ।

८. **सहकारी संस्थाको कार्यक्षेत्रः** (१) ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुका कार्यक्षेत्र कायम गर्ने प्रयोजनका लागि त्यस्ता संस्थाहरुले पेश गर्ने कार्य सञ्चालन प्रतिवेदनमा ऐनको दफा ९ को उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त देहायको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोवार र नाफा नोक्सान विवरण,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसार सदस्यहरुको नाम, थर, ठेगाना, शेयर र बचतको विवरण,

(ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरुको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको विवरण ।

(२) ऐनको दफा ९ को उपदफा (४) बमोजिम कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुनः निर्धारण गर्दा देहायका विशेष व्यवसायिक आवश्यकताको आधार लिनुपर्नेछः

(क) उत्पादन, सङ्कलन, भण्डारण, ढुवानी, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिंचाई सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाई कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रतिइकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्र विस्तार गर्न आवश्यक भएको । तर संस्थाको मौजुदा कार्यक्षेत्रमा सदस्यता एवं व्यावसायिक सेवा विस्तारको मनासिव स्तर हासिल नभएसम्म त्यस्ता संस्थाको कार्यक्षेत्र विस्तार गरिने छैन ।

(३) ऐन तथा यस नियमावली बमोजिम संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छ ।

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोवारमा वृद्धि भएको,

(ख) थप गरिने कार्य क्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) विनियम संशोधनको प्रकिया पूरा भएको ।

(४) ऐनको दफा ९ को उपदफा (४) बमोजिम सहकारी संस्थाको मौजुदा कार्यक्षेत्र भित्रको स्थानीय तहको वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्र भरीको गरी जम्मा सदस्य सङ्ख्याको पन्ध प्रतिशतभन्दा कम सदस्य सङ्ख्या भएको हुनुपर्नेछ ।

(५) ऐनको दफा ९ को उपदफा (४) बमोजिम सहकारी संस्थाको मौजुदा कार्य क्षेत्रभित्रको स्थानीय तहको वडा झिकी कार्यक्षेत्र घटाउने निर्देशन दिंदा झिकिने कार्यक्षेत्र भरिको गरी पचास लाख रुपैयाँ वा जम्मा कारोबारको पन्ध्र प्रतिशतमा जुन घटी हुन्छ सोभन्दा कम व्यावसायिक सेवा सञ्चालन भएको देखिएको हुनुपर्नेछ ।

<u>**स्पष्टीकरण**</u> : यस उपनियमको प्रयोजनको लागि "कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारको जोड सम्झनुपर्छ ।

(६) सेवाकेन्द्र वा सम्पर्क केन्द्र स्थापनाको लागि सदस्य संख्या दुई हजारभन्दा बढी भएका संस्थाको पच्चिस प्रतिशत सदस्य उक्त स्थानमा रहेको वा कम्तीमा पाँचसय सदस्य भन्दा बढी रहेको हुनु पर्नेछ र सम्बन्धित वडाको सिफारिस आवश्यक पर्नेछ ।

(७) संस्थाको सेवाकेन्द्र वा सम्पर्क केन्द्र दर्ता गर्ने अधिकारीबाट स्वीकृत गराएपछि मात्र स्थापना गर्नुपर्नेछ ।

**९. विषय परिवर्तन सम्बन्धी व्यवस्था** : (१) कुनै सहकारी संस्थाका सदस्यहरूले आफ्नो व्यवसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा साधारण सभामा कायम रहेको कुल सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट निर्णय गराई सोही बमोजिम संस्थाको विनियममा समेत संशोधन गरी सोको स्वीकृतिको लागि दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तनको लागि विनियम संशोधन गर्दा प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही निर्धारित शर्त र कार्यविधि पूरा भएको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले आवश्यक जाँचबुझ गरी संशोधन गरिएको विनियम स्वीकृत गर्न सक्नेछ ।

**१०. कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनः** (१) ऐनको दफा १२ को उपदफा (५) बमोजिम एकै वा फरक प्रकृतिका दुई वा दुईभन्दा बढी संस्थाले अन्तर सहकारी सहयोगको भावनाले संयुक्त साझेदारीमा आफ्नो उत्पादन सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(क) सम्बन्धित संस्थाका सदस्यहरूको आवश्यकतामा आधारित उत्पादनको मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कायम रहेको कूल सदस्य सङ्ख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरूबीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(ङ) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिनुपर्ने,

(च) प्रचलित कानून बमोजिम स्थानीय तह वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानूनबमोजिम कुनै निकायबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(२) उपनियम (१) बमोजिमको कार्य सम्पन्न गरी सम्बन्धित संस्थाले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनउपर दर्ता गर्ने अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न अनुमति दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिएको जानकारीको दर्ता गर्ने अधिकारीले सोको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(५) यस नियमबमोजिम अनुमति पाएको संयुक्त वा साझेदारीमा कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने संस्थाले दर्ता गर्ने अधिकारीले तोकेको ढाँचामा नियमित रूपमा प्रगति विवरण र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**११.सहकारी संस्थाको विनियमः** (१) सहकारी संस्थाले विनियम बनाउँदा **अनुसूची-१०** मा उल्लिखित विषयहरू समावेश गर्नु पर्नेछ ।

(२) सहकारी संस्थाको प्रकृति हेरी दर्ता गर्ने अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

**१२. संघको सदस्यताः (१)** प्रत्येक सहकारी संस्थाले संबन्धित जिल्लाको विषयगत संघ र जिल्ला सहकारी संघको सदस्यता लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सदस्यता लिदा संबन्धित संघको विनियममा उल्लिखित प्रक्रिया पुरा भएको हुनुपर्नेछ ।

## परिच्छेद-३
## सदस्यता

**१३. सदस्यताको समाप्तिः** (१)ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ख),(ग) र (घ) बमोजिम कुनै सदस्यको सदस्यता समाप्त गर्दा देहायको अवस्था पूरा भएको हुनु पर्नेछ ।

(क) सम्वन्धित सदस्यको सदस्यता समाप्तिको आधारसहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) सम्बन्धित सदरयको सदस्यता समाप्तिका सम्बन्धमा सञ्चालक समितिले उपसमिति गठन गरी छानबिनको प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सम्बन्धित सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाइ पेस गर्न मनासिव माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सम्बन्धित सदस्यको सदस्यता समाप्त गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने ।



सिद्धार्थनगर नगरपालिका

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम सञ्चालक समितिले गरेको निर्णयमा चित्त नबुझ्ने सदस्यले दर्ता गर्ने अधिकारी समक्ष उजुरी गर्न सक्नेछ र तत् सम्बन्धमा दर्ता गर्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए नभएको सम्बन्धमा संस्थाले आफ्ना सदस्यहरूलाई यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ र प्रचलित कानुन बमोजिम एक वर्ष भित्र हटाई सक्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा ऐनको दफा २२ को उपदफा (१) विपरीत दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाको सदस्यता कायम राखी अन्य संस्थाको ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले निरीक्षण वा अनुगमनको सिलसिलामा वा अन्य कुनै माध्यमबाट ऐनको दफा २२ को उपदफा (१) विपरीत कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सदस्यले चाहेको कुनै एक मात्र संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ र सोही निर्देशन बमोजिम सम्बन्धित संस्थाले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नुपर्नेछ ।

**१४. उद्देश्य विपरित कार्य गरेको मानिने**ः बचत तथा ऋणको मुख्य कारोवार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा ६६ को उपदफा (३) को खण्ड (ग) को प्रयोजनार्थ उद्देश्य विपरित कार्य गरेको मानिनेछ ।

**१५.सदस्यको रकम फिर्ता**ः (१) बचत तथा ऋण सहकारीको हकमा कुनै सदस्यले सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान भएको मितिले तीन महिना भित्र निजको बाँकी रकम निजलाई फिर्ता दिनु पर्नेछ ।

(२) विषयगत र उत्पादक सहकारीको हकमा कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान भएको मितिले बढीमा एक वर्ष भित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) सदस्यले सदस्यता त्याग गरेपश्चात निजले पाउनु पर्ने देहायको रकम तोकिएको समयावधि भित्र संस्थाले निजलाई फिर्ता दिनु पर्नेछः

(क) निजको शेयर अङ्कित मूल्य बराबरको रकम

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश वापतको रकम

(ग)निजको भुक्तानी लिन बाँकी संरक्षित पूँजी फिर्ता वापतको रकम ।

(४) उपनियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा संचित घाटाको रकम शेयर पूँजीबाट समानुपातिक रुपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फर्ता दिनु पर्नेछ ।

(५) सदस्यहरुले संस्थामा जम्मा गरेको अनिवार्य बचत रकम सदस्यले सो संस्थाको सदस्यता त्याग गरेको अवस्थामा मागेको बखत तुरुन्त व्याज सहित फिर्ता दिनु पर्नेछ । तर ऐच्छिक बचत रकम माग गरेको बखत व्याज सहित तुरुन्तै भुक्तान गर्नु पर्नेछ भने आवधिक बचतको रकम निर्धारित अवधि भुक्तान भएपश्चात फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४
## साधारण सभा,समिति र लेखा सुपरिवेक्षण समिति

**१६.साधारण सभाको बैठकः** (१)ऐनको दफा २८ बमोजिम साधारण सभाको बैठक बस्दा साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सवै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी पत्रचार ईमल वा 'एस एम.एस', एफ.एम. रेडियो,पत्रपत्रिकालगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयम् उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्नु अगावै यथाशक्य छिटो उपलब्ध गराउनुपर्दछ

(४) साधारणसभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट बुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाँप गरी प्रमाणित गर्नुपर्दछ ।

**१७. साधारण सभा सम्बन्धी विशेष व्यवस्था :** (१) ऐनको दफा २९ को उपदफा (६) मा उल्लिखित सदस्य सङ्ख्या भएको संस्थाको साधारण सभा एकै स्थानमा गर्न असुविधा हुने देखी समितिले साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गर्न साधारण सभा बोलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बोलाइएको साधारण सभामा संचालक तथा लेखा सुपरीवेक्षण समितिका सदस्यको उपस्थितिमा उपनियम (५) बमोजिमको एकाइमा रहेका बहुमत सदस्यहरुको उपस्थितिमा त्यस्तो साधारण सभाको लागि तय भएका समान कार्यसूची उपर छलफल गरी कम्तीमा बहुमत सदस्यको निर्णय बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न एक क्षेत्रबाट एक महिला सहित तीन जना सदस्य प्रतिनिधि छनौट गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनौट भएका प्रतिनिधिहरुले साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्न सक्नेछन् ।

(४) उपनियम (३) बमोजिम साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने सम्बन्धमा छनौट भएका प्रतिनिधिहरुकाबीच मतैक्यता हुन नसकेमा उपस्थित प्रतिनिधिहरुको बहुमतबाट भएको निर्णय बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठक देहाय बमोजिम गराउनु पर्नेछः

(क) संस्थाको कार्यक्षेत्रलाई विभिन्न एकाइमा सदस्य सङ्ख्याको आधारमा विभाजन गर्ने,

(ख) सम्बन्धित एकाइमा रहेका सदस्य सङ्ख्याको आधारमा प्रतिनिधि सङ्ख्या यकिन गर्ने,

(ग) यकिन भएको सङ्ख्याको आधारमा प्रतिनिधि चयन गर्ने, र

(घ) साधारण सभाको समान कार्यसूचीमा एकाइमा रहेका सदस्यहरू बीच छलफल गर्ने र एकाइमा रहेका सदस्यहरूको धारणाको प्रतिनिधित्व चयन भएका प्रतिनिधिले गर्ने ।

(६) उपनियम (१) बमोजिम हुने साधारण सभाको बैठकमा सहभागिता सम्बन्धी अन्य व्यवस्था विनियममा भएको व्यवस्था बमोजिम हुनेछ ।

**१८. सञ्चालक समितिको बैठक :** (१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(२) समितिको बैठक अवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । तर दुई बैठकबीचको अवधि पैतालिस दिनभन्दा बढी हुनु हुँदैन ।

सिद्धार्थनगर नगरपालिका

(३) उपनियम (२। को अवधिभित्र बैठक नबोलाइएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् ।

(५) उपनियम (४) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित सञ्चालकहरू मध्येबाट चुनिएको सञ्चालकले गर्नेछ ।

(६) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ ।

(७) समितिको बैठकको गणपूरक संख्या तत्काल कायम रहेको कूल सदस्यको बहुमत सदस्य सङ्ख्या हुनेछ ।

(८) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालकहरूमध्येबाट जेष्ठ सदस्यले गर्नेछ ।

**१९. समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ३२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावलीबमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुर्याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने गराउने,

(च) आवश्यकताअनुसार उपसमितिहरू गठन, विघटन तथा जिम्मेवारी तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचार-संहिता बनाई लागू गर्ने,

(ज) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने ।

**२०. तदर्थ समितिको गठनः** (१) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम समिति विघटन भएमा संस्थाको दैनिक कार्य संचालन गर्न र अर्को समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सदस्यहरूमध्येबाट सात जनाको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तदर्थ समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछ

(क) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बाँकी बक्यौता रहेको हुन नहुने,

(ख) एकै परिवारका एकभन्दा बढी सदस्य समितिमा रहेको हुन नहुने,

(ग) साविकमा कायम रहेको समितिको सदस्य बा त्यस्तो परिवारको सदस्य हुन नहुने,

(घ) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तीमा तेतीस प्रतिशत महिला हुनुपर्ने ।

**२१. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यताः** ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुन पर्नेछ ।

(क) सम्बन्धित सहकारी सस्थाको सदस्यता लिएको कम्तीमा तीन वर्षपूरा भएको, तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा समितिका संयोजक तथा सदस्यहरूको हकमा यो खण्ड लागू हुनेछैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनुपर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको,

(ग) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखापरीक्षणसँग सम्बन्धित तालिम लिएको ।

(घ) अन्य सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा नरहेको ।

सिद्धार्थ नारायण लिम्बू

## परिच्छेदः ५
## संरक्षित पूँजी फिर्ता कोष सम्बन्धी व्यवस्था

**२२.संरक्षित पुँजी फिर्ता कोष वितरणका आधारः** (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहायबमोजिम वार्षिक कारोबारको आधार लिनुपर्नेछ ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई विकी गरेको उपजको खरिद मूल्य,

(ख) बचत तथा ऋण संस्थामा सदस्यले ऋणमा तिरेको व्याज वा बचतमा प्राप्त गरेको व्याज र अन्य उपभोक्ता संस्थामा सदस्यले संस्थासँग खरिद गरेको वस्तु वा सेवाको मूल्य,

(ग) श्रमिक संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला,

(घ) बहुउद्देश्यीय संस्थामा खण्ड (क),(ख) र (ग) मा उल्लिखित आधार ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरणा गर्दा बचत रकमको लागि चालीस प्रतिशत र ऋणमा तिरेको व्याज रकमको लागि साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणभार तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइने छैन ।

(५) संरक्षित पुँजी फिर्ता कोषको रकम उपभोक्ता सदस्यसँग कुनै कारोबार गरेको रहेछ भने त्यस्तो सदस्यलाई समेत फिर्ता गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम कारोबार गरेको सदस्यसँग सम्पर्क हुन नसकेको अवस्थामा त्यस्तो सदस्यले प्राप्त गर्ने रकम संस्थाको जगेडा कोषमा सार्नुपर्नेछ ।

(७) गत आर्थिक वर्षको कारोबार को संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ ।

(८) उपनियम (६) बमोजिम कुनै आर्थिक वर्षमा कुनै कारणवस वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

(९) संरक्षित पुँजी फिर्ता सम्बन्धी अन्य व्यवस्था दर्ता गर्ने अधिकारीको निर्णय बमोजिम हुन्छ ।

२३. **अन्य कोष सम्बन्धी व्यवस्था :** (१) सहकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४७ वमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा पच्चीस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पूँजी फिर्ता कोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ४९ बमोजिम सहकारी प्रवर्द्धन कोषमा छुट्टयाएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरूमा कम्तीमा पाँच प्रतिशत रकमको दरले छुटयाई वितरण गर्नुपर्नेछः

(क) सहकारी शिक्षा कोष,
(ख) शेयर लाभांश कोष,
(ग) कर्मचारी बोनस कोष,
(घ) सहकारी विकास कोष,
(ङ) घाटापूर्ति कोष,
(च) सामुदायिक विकास कोष
(छ) ऐनको दफा ७६ को उपदफा (१) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष,
(ज) अन्य जोखिम व्यवस्थापन कोषहरु ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

२४.**अभिलेख :** (१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा सहकारी विभागले तोकेको लेखामान तथा ढाँचा अनुसार राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताव, खाताबही तथा विवरण समेत राख्नुपर्नेछः

(क) अनुसूची-३ बमोजिमको सदस्यता दर्ता किताब
(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको वैठकहरूको छुट्टाछुट्टै निर्णय पुस्तिका,
(ग) नगदी बही,

सिद्धार्थनगर नगरपालिका

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा सङ्घ वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरु,

(ञ) प्रचलित कानुनले तोकेको ढाँचाबमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण-पत्र,

(ट) अनुदान प्राप्ति र परिचालन खाता,

(ठ) समय समयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

(३) पाँच करोडभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख सहकारी विभागबाट तोके बमोजिमको मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोवारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ ।
तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुनबमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ ।

## परिच्छेद-६
## ऋण असुली तथा बाँकी बक्यौता

**२५. ऋण तथा बाँकी बक्यौता असुली :** (१) ऐनको दफा ५८ बमोजिम सहकारी संस्थाको ऋण र दफा ६१ बमोजिम सहकारी संस्थाको बाँकी बक्यौता असुलउपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुलउपर गर्दा सम्बन्धित सहकारी संस्थाले देहायको कार्यविधि अपनाउनुपर्नेछः

सिद्धार्थनगर नगरपालिका

(क) बाँकी बक्यौता तिर्नु, बुझाउनुपर्ने ठहर भएको व्यक्तिको नाममा बाटोको म्यादबाहेक पैतीस दिनभित्र तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन वा रकम तिरी, बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी म्याद जारी गरी पठाउनु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम म्याद जारी गरिएकोमा म्यादभित्र तिर्नु बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी, बुझाई सकेको प्रमाण पेश नगरेमा निजको नाममा लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्नुपर्नेछ,

(ग) धितो राखेको घर, जग्गा, जमिन मालपोत कार्यालयबाट रोक्का नगराइएको भएमा रोक्का गर्न लगाई त्यसको प्रमाण राखुपर्नेछ,

(घ) धितो राखेको चलअचल सम्पत्तिको लिलाम बिक्री गर्दा धितोको विवरण, निजले बुझाउनुपर्ने साँवा, ब्याज र हर्जानाको रकमसमेत उल्लेख गरी चल सम्पत्ति भए पन्ध्र दिन र अचल सम्पत्ति भए पैंतीस दिनको म्याद दिई उक्त म्याद भित्र तिर्नु बुझाउनुपर्ने रकम नबुझाएमा धितो लिलाम बिक्री गरी साँवा, व्याज र हर्जानाको रकम असुलउपर गरिने बारेको सूचना सम्बन्धित व्यक्तिलाई बुझाई संस्थाको कार्यालय, नगर कार्यपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थान र ऋणीलाई बुझाइ वा बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । तर सम्बन्धित व्यक्तिलाई सूचना बुझाउन नसकिएको वा निज फेला नपरेको खण्डमा दैनिकपत्रिकामा प्रकाशित सूचना बमोजिम लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन बाधा पर्नेछैन ।

(ङ) धितो लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि सुरु गरी बन्द हुने समयभन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्नेछ, तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नुपर्नेछ ।

(च) धितो लिलाम बिक्री गर्दा लिलाम गरिने चल अचल सम्पत्ति नगर कार्यपालिकाको कार्यालय वा वा वडाको प्रतिनिधि, जिल्ला वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि, लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय वा स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक वा निकाय वा कार्यालयको प्रतिनिधि र सम्बन्धित संस्थाको व्यवस्थापक सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमभन्दा कम नहुने गरी बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी डॉक बोल्ने व्यक्तिको नाममा लिलाम बिकी स्वीकृति र मुचुल्का गराई बिक्री गर्नुपर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

तर सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डॉक बढाबढमा भाग लिन पाउने छैनन् ।

**स्पष्टिकरणः** नजिकको नातेदार भन्नाले बाबु, आमा, पति, पत्नि, छोरा, छोरी, बुहारी, दाजु भाई, दिदी बहिनी, सासु, ससुरा, ज्वाई, साला, सालीलाई सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्रीको शिलबन्दी खोलेपछि विनियमले तोकेबमोजिमको ढाँचाको फाराममा निजहरूले बोलेको अंक अक्षर स्पष्ट खोली निजहरूको सहीछाप गराउनु पर्नेछ ।

(ज) संस्थाले चल, अचल सम्पत्ति लिलामको डाँक बढाबढ गर्दा गोप्य शिलबन्दी आव्हान गर्नुपर्नेछ ।

(२) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (१) को खण्ड (च) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी न्युनतम मूल्य कायम गरी लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ । तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

(४) ऐनको दफा ५८ को उपदफा (६) वमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैले सकार गर्न सक्नेछ ।

**२६. लिलाम बिक्री स्थगित गर्न सक्नेः** लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि ऋणी सदस्यले कर्जा चुक्ता गर्न आएमा वा समितिले तोकिदिएको रकम जम्मा गरी निश्चित अवधि भित्र कर्जा चुक्ता गर्न ऋणी सदस्य र संस्था बीच सहमति भई लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा वा मुनासिब माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नुपर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्था वा दर्ता गर्ने अधिकारीले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

**२७. असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्नेः** (१) धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा आएको रकमबाट साँवा, ब्याज र हर्जनाको रकम असुल उपर हुन नसकेमा ऐन तथा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुलउपर गर्नु पर्ने व्यक्तिको हकभोगको अन्य जायजेथाबाट लिलाम बिक्री गरी असुल उपर गर्नु पर्नेछ ।



सिद्धार्थनगर नगरपालिका

(२) मोहीले लिएको ऋणको हकमा निजले वा एक घरको परिवारले कमाएको बाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जनाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ ।

**२८. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्नेः** (१) लिलाम बिक्रीको कार्य सकिनासाथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम सोही दिन वा भोलीपल्ट धरौटीको रूपमा लिई राख्नुपर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारको मितिले पन्ध्र दिनभित्र बुझाइ सक्नु पर्नेछ । सो म्यादभित्र नबुझाएमा धरौटीवापत राखेको रकम जफत हुने व्यहोराको कागज गराइ राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोही दिन वा भोलीपल्ट नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पुरा मुल्य बुझाएमा निजको नाउँमा वा नियम २५ को उपनियम (४) बमोजिन संस्थाले सकारमा संस्थाका नाममा सो जायजेथा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजसमेत गरिदिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**२९. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहनेः** संस्थाले लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनुपर्नेछ

**३०. जायजेथा फिर्ता दिनुपर्नेः** नियम २५ को उपनियम (४) बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनु पर्ने साँवा र अघिल्लो दिनसम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्चसमेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रकृया पुर्याई फिर्ता दिनुपर्नेछ ।

**३१. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** ऐनको दफा ६० बमोजिम कर्जा सूचना केन्द्रको स्थापना लगायत समितिको गठन, काम कर्तव्य, अधिकार र कार्य संचालन विधि संघीय सहकारी कानुनमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-७
## कर्जा असुली न्यायाधिकरण

**३२. कर्जा असुली न्यायाधिकरणको गठन**, कार्यक्षेत्र, उजुरी निवेदनसम्बन्धी प्रक्रिया, सुनुवाई साथै कर्जा असुली विधि संघीय सहकारी कानुनमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-८
## एकिकरण, विघटन र दर्ता खारेजी

**३३.** सहकारी **संस्थाको एकीकरण :** (१) ऐनको दफा ६५ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरू एकीकरण गर्दा देहायका शर्न बन्देजहरू पूरा भएको हुनुपर्नेछः

(क) कार्यक्षेत्र एक अर्कासँग जोडिएको हुनुपर्ने,

(ख) सदस्यहरू बीचको साझा बन्धन समान हुनुपर्ने,

(ग) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिका भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने,

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनुपर्ने ।

(ङ) एकीकरण गर्नुपूर्व सिद्धार्थनगर नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्ने ।

(२) उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतया सिद्धार्थनगर नगरपालिकाको नियमनमा रहेका संस्थाहरु बीच मात्र एकीकरण हुनेगरी नगरपालिकाको क्षेत्रभित्र पर्ने गरी गर्नुपर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको पूर्व-स्वीकृतिविना संवत् २०४९ साल जेठ २ गतेभन्दा अघि दर्ता भएका साझा (सहकारी) संस्थाहरूलाई अर्को संस्थामा एकीकरण गर्न वा त्यस्ता संस्थाहरुको घरजग्गा लगायतका स्थिर सम्पत्ति वेचबिखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिका लागि लिजमा दिनु हुँदैन । तर कुनै सहकारी संस्थाले साझा सहकारी संस्थाको विनियम तथा नाम स्वीकार गरि एकीकरण हुन सक्नेछ ।

(४) महिला सहकारी संस्थाहरु र विशेषरूपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्था अन्य विशेष उद्यम व्यवसाय संचालन गरिरहेका सहकारी संस्थासँग सामान्यतया एकीकरण गरिनेछैन । तर क्षमता विकास, नेतृत्व विकास तथा साङ्गठनिक गतिशीलताको सुनिश्चितता हुने गरी एकीकरण हुन भने बाधा पर्ने छैन ।

(५) एकीकरणमा सहभागी संस्थालाई दर्ता गर्ने अधिकारीबाट नियम ४७ बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(६)  एकीकरण पूर्वको दुई संस्थामा दायित्व व्यवस्थापन र कर बक्यौता भुक्तानी सम्बन्धमा स्पष्ट गर्नुपर्नेछ ।

(७) एकीकरणका अन्य शर्त, आधार र प्रक्रिया सिद्धार्थनगर नगरपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

**३४. सहकारी संस्थाको विभाजन :** (१) ऐनको दफा ६६ बमोजिम सहकारी संस्थाको विभाजन गरी दुई वा दुईभन्दा बढी संस्थाहरू कायम गर्दा देहायका शर्तहरू पूरा भएको हुनुपर्नेछ ।

(क) बचत तथा ऋणको मुख्य कारोबार भएको सहकारी संस्थाको हकमा सो को कार्यक्षेत्र स्थानीय तहको एक वडाभन्दा बढी हुनुपर्ने,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरूको कार्यसञ्चालनमा सदस्यहरूको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अवस्था भएको,

(ग) विभाजन गर्नु पूर्व दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने ।

(२) दर्ता गर्ने अधिकारीले सहकारी संस्थाहरूको एकीकरण वा विभाजनको सिलसिलामा सम्बन्धित संघको राय लिन सक्नेछ ।

(३) विभाजनका अन्य शर्त, आधार र प्रक्रिया सिद्धार्थनगर नगरपालिकाबाट स्वीकृत कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ ।

**३५. पूर्व-सहमति लिनुपर्नेः** नियम ३३ वा ३४ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा अन्य सार्वजनिक निकायको ऋण, अनुदान वा अन्य प्रकारको सहयोग रकम वा जेथा रहेका संस्थाको एकीकरण वा विभाजन गर्दा त्यस्तो संस्थाले सम्बन्धित निकायको पूर्व-सहमति लिनुपर्नेछ ।

**३६. जमानत दिने व्यक्तिको दायित्वः** (१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

(२) प्रचलित कानुनको अधीनमा रही उपनियम (१) बमोजिम दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुलउपर गर्न सकिनेछ ।

सिद्धार्थनगर नगरपालिका

## परिच्छेद-९
## लिक्विडेशन सम्बन्धी व्यवस्था

**३७. लिक्विडेटरको नियुक्तिः** (१) ऐनको दफा ६७ को उपदफा (१) बमोजिम एक करोड रुपैयाँसम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले आफु मातहतको अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्त गर्नसक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरलाई दर्ता गर्ने अधिकारीले लिक्विडेशन सम्बन्धी कार्यमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**३८. लिक्विडेटरको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा ६७ बमोजिम नियुक्त लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विघटन भएका सहकारी संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नका लागि सो सहकारी संस्थाका हालवाला वा साबिकवाला सदस्यहरू वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम २५ र नियम २७ बमोजिम असुल उपर गर्ने ।

(ख) विघटन भएका सहकारी संस्थासँग कुनै साहुको कुनै रकम बाँकी रहेको र सो कुरा संस्थाको हिसाबकिताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्यादभित्र सो रकमको दावी गर्न आउनु भनी वा सो बाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबी गर्न आउनु भनी सूचना जारी गर्ने,

(ग) साहुहरूमध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने,

(घ) सहकारी संस्था विघटन गर्ने सिलसिलामा सहकारी संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिई सहकारी संस्थाले गरेको वा सहकारी सस्थाको विरुद्धमा गरिएको दाबीको सम्बन्धमा दुई पक्षबीचमा मिलापत्र गराउने,

(च) विघटनका लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने,

(छ) सहकारी संस्थाको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने,

(ज) सहकारी संस्थाको सम्पत्ति बेचबिखन गर्ने,

(झ) सरोकारवालाहरूसँग समेतको परामर्शमा सहकारी संस्थाको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारको प्रयोग गर्दा लिक्विडेटरले आवश्यक सम्झेमा सहकारी संस्थाको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र सम्बन्धित संस्थाको कुनै कर्मचारीलाई आफूसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

**३९. लिक्विडेशन नियन्त्रण गर्ने दर्ता गर्ने अधिकारीको अधिकारः** नियम ३७ बमोजिमको अधिकार प्रयोग गरी लिक्विडेटरले गरेको कामलाई दर्ता गर्ने अधिकारीले दोहोर्याई हेरी देहाय बमोजिम गर्नसक्नेछः

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न,

(ख) संस्थाको खाताबही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन.

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**४०. दायित्व भुक्तानीः** (१) ऐनको दफा ६६ बमोजिम दर्ता खारेज वा विघटन भएको सहकारी संस्थाको कोषबाट देहायबमोजिमको प्राथमिकता क्रमअनुसार देहायको कार्यका लागि खर्च गर्न सकिनेछः

(क) विघटनको कामको निमित्त भएका सहरू फछ्यौट गर्न,

(ख) सदस्यलाई वचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरू दिन,

(च) शेयर पूँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा लाभांश वितरण गर्न ।

(२) कुनै संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निमित्त दावी गरिसक्नु पर्नेछ र सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

**४१. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः** (१) ऐनको दफा ६६ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बाँकी रहन गएको सम्पत्तिको उपयोग देहाय बमोजिम हुनेछ ।

सिद्धार्थनगर नगरपालिका

(२) नियम ४१ को उपनियम (१) मा लेखिएका काममा खर्च गरी सक्दा पनि सम्बन्धित संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता गर्ने अधिकारीको निर्देशन बमोजिम देहायको प्राथमिकताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित संस्थाको कार्यक्षेत्रमा सेवा पुयाउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संस्था,

(ख) सो संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो सङ्घ,

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिद्धार्थनगर नगरपालिकाले उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषको रकम सहकारी अभियानलाई योगदान पु-याउने अन्य कुनै निकायलाई हस्तान्तिरण गर्न वा शिक्षा, स्वास्थ्य वा महिला, बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायिक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-१०

## दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार

**४२. दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकारः** दर्ता गर्ने अधिकारीको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आफ्नो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने, विनियम संसोधन तथा पुनर्लेखन र आन्तरिक कार्यविधि स्वीकृत गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनः निर्धारणसम्बन्धी कार्य गर्ने,

(घ) नियमितरुपमा सहकारी संस्थाको निरीक्षण तथा हिसाबकिताब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणालीका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) सहकारी संस्थाको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउने,

(च) विपन्न महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसंख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा शीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रबर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने,

सिद्धार्थनगर नगरपालिका

(छ) सहकारी व्यवसाय, अन्तरसहकारी कारोबार तथा कृषि उपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पु-याउने,

(ज) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

(झ) सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

(ञ) ऐन, नियमावलीअन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा विनियमबमोजिम कार्य नगर्ने सहकारी संस्थाहरूलाई ऐनमा भएको व्यवस्थाबमोजिम जरिवाना तथा अन्य कारवाही गर्ने,

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन सिद्धार्थनगर नगर कार्यपालिका समक्ष पेश गर्ने,

(ठ) निष्कृय अवस्थामा रहेका र साझा सहकारी संस्थाहरूलाई सकृय बनाउन आवश्यक कार्य गर्ने,

(ड) आवश्यक मापदण्ड निर्धारण गरी सहकारी संस्थाको सेवा केन्द्र, विप्रेषण सेवा सञ्चालन, संकलन केन्द्र तथा बिक्री केन्द्र संचालनको स्वीकृति दिने,

(ढ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा सिद्धार्थनगर नगरपालिकाबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) दर्ता गर्ने अधिकारीले ऐन तथा यस नियमावलीबमोजिम आफूलाई प्राप्त अधिकारहरु आवश्यकता अनुसार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-११
## निरीक्षण तथा अनुगमन

**४३. निरीक्षण तथा हिसाब किताब जाँच गर्ने:** ऐनको दफा ७१ को उपदफा (१) बमोजिम दर्ता गर्ने अधिकारीले सहकारी संस्थाको जुनसुकै बखत आवश्यकता अनुसार निरीक्षण तथा हिसाब जाँच गर्न गराउन सक्नेछ ।

**४४. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था** : (१) सिद्धार्थनगर नगरपालिकाको नियमनमा रहेका साथै नगर क्षेत्रभित्र संचालनमा रहेका सबै सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन गर्ने कर्तव्य दर्ता गर्ने अधिकारीको हुनेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा सहकारी ऐन, नियमावली, विनियम तथा प्रचलित कानून बमोजिम सञ्चालन तथा व्यवस्थापन भए/गरेको नपाइएमा प्रचलित कानून बमोजिम त्यस्ता सहकारी संस्था, संचालक, व्यवस्थापक, जिम्मेवार सदस्य तथा कर्मचारीहरुलाई कारवाही गर्नु पर्नेछ ।

सिद्धार्थनगर नगरपालिका

(३) उपनियम (२) बमोजिम कारबाही गर्दा सदस्य तथा कर्मचारीबाट संस्थामा आर्थिक हिनामिना भएको देखिएमा सोको जिम्मेवार सदस्य तथा कर्मचारीका साथै सञ्चालक समितिका पदाधिकारी समेत हुने र हिनामिना रकम निजहरूबाट प्रचलित कानून बमोजिम असूल उपर तथा दण्ड जरिवाना गरिनेछ ।

(४) साविकमा डिभिजन सहकारी कार्यालयबाट दर्ता भएका र नगरपालिकाबाट दर्ता भएका सबै सहकारी संस्थाहरु अनिवार्य मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भएको हुनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमका संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर तरलता, लगानीका क्षेत्रलगायतमा सिद्धार्थनगर नगरपालिकाले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ ।

(६) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा दर्ता गर्ने अधिकारीले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ ।

(७) दर्ता गर्ने अधिकारीले पाँच करोड रुपैंयाभन्दा बढी कारोबार भएका संस्थाहरूको वर्षको दुई पटक नियमित अनुगमन र दश करोड रुपैयाभन्दा बढी कारोबार भएका संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्नेछ । साथै सो भन्दा कम रकमको कारोवार भएका सबै संस्थाको वर्षको कम्तिमा एक पटक अनिवार्य अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

तर यसमा लेखिएको कुनै कुराले अन्य संस्थाहरूको नियमित वा सघन अनुगमन गर्न बाधा पुर्याएको मानिने छैन ।

(८) यस नियमबमोजिम हुने निरीक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था सिद्धार्थनगर नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

**४५. अनुगमन तथा निरीक्षण समितिः** नगर क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन तथा निरीक्षण कार्यको लागी निम्न बमोजिम अनुगमन तथा निरीक्षण समिति गठन हुनेछ,

| | |
|---|---|
| नगरपालिकाको आर्थिक विकास समितिको संयोजक | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | - सदस्य |
| आलेप अधिकृत/प्रदेश रजिष्ट्रार कार्यालयको प्रतिनिधि | - सदस्य |
| नगर क्षेत्र भित्र रहेका रजिष्टर्ड लेखा परीक्षकहरु मध्ये प्रमुखले तोकेको लेखा परीक्षक | - सदस्य |
| सहकारी शाखा प्रमुख | - सदस्य-सचिव |



सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर क्षेत्र भित्र संचालनमा रहेका संस्थाहरु मध्ये प्रदेश सरकारको नियमनमा रहेका संस्थाहरुको अनुगमन तथा निरीक्षण कार्यको लागी प्रदेश रजिष्ट्रारको कार्यालयको प्रतिनिधि समेत आमन्त्रण गर्नु पर्नेछ ।

४६. **पारिश्रमिक तथा सुविधाः** अनुगमन तथा निरीक्षण कार्यमा खटिने पदाधिकारी तथा कर्मचारीलाई नगरपालिकाले तोकेको दरमा अनुगमन भत्ता तथा बैठक भत्ता उपलब्ध गराईनेछ । साथै अन्य सुविधा प्रचलित कानून बमोजिक हुनेछ ।

४७. **वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरणः** ऐनको दफा ७४ उपदफा (२) बमोजिम दर्ता गर्ने अधिकारीले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१२
## सहकारी संजाल

४८. **सहकारी संजालको गठनः** (१) सहकारी संस्था बीच समन्वय, सहकार्य तथा दिगो विकास गर्न सिद्धार्थनगर नगरपालिकाले नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संजाल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने सहकारी संजालको दर्ता नगर कार्यपालिकाले कार्यविधि बनाई गर्नेछ ।

(३) सिद्धार्थनगर सहकारी संजालको गठन तथा संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३
## विविध

४९. **अन्तर-सहकारी कारोबारः** (१) ऐनको दफा ९४ बमोजिम अन्तर-सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) संस्थाले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य शृङ्खला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्थामार्फत उत्पादन, संकलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(४) बचत तथा ऋण सम्बन्धी अन्तर सहकारी कारोबारको हकमा सम्बद्ध सहकारी संस्थाहरूले सम्बन्धित विषयगत संघ वा सहकारी बैंकको भूमिका समेत निर्दिष्ट हुने गरी मन्त्रालयले तोकेको मापदण्ड पालना गर्नुपर्नेछ ।

(५) अन्तर सहकारी कारोबारसम्बन्धी अन्य व्यवस्था सिद्धार्थनगर नगरपालिकाले स्वीकृत गरेको कार्यविधि, मापदण्ड, निर्देशिका तथा परिपत्र बमोजिम हुनेछ ।

**१. संस्थाले कार्यविधि/विनियमावली बनाउनुपर्नेः** १) सहकारी संस्थाले आर्थिक कार्यविधि, शेयर तथा बचत परिचालन कार्यविधि/विनियमावली र लगानी व्यवस्थापन, मानव संसाधन व्यवस्थापन लगायत संस्थागत सुशासन प्रवर्द्धनका लागी आवश्यक कार्यविधि तथा विनियमावली बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका संस्थाले उपनियम (१) मा उल्लिखित विनियमावलीका अतिरिक्त अन्य विनियमावली र आन्तरिक कार्यविधि समेत बनाउन सक्नेछ ।

**५०. सम्मान वा पुरस्कार र प्रोत्साहनसम्बन्धी व्यवस्थाः** (१) सिद्धार्थनगर नगरपालिकाले मापदण्ड बनाई कार्यक्षेत्र भित्र रहेका सहकारी संस्था, पदाधिकारी तथा कर्मचारीलाई योगदानका आधारमा पुरस्कृत तथा सम्मानित गर्नेछ । त्यस्तै सहकारी अभियानमा टेवा पुर्याउने, एकीकरण हुने संस्था, उत्पादनमूलक व्यवसाय संचालन गर्ने वा सेवा प्रदान गर्ने संस्था, तिनका सदस्य वा कर्मचारीलाई नगद तथा वस्तुगत सहयोग गर्न सक्नेछ । संस्थालाई कार्यक्षेत्र विस्तार, सेवा केन्द्र वा बिक्री केन्द्र स्थापना, अनुदान रकम प्रदान गरी सम्मान वा पुरस्कार प्रदान गर्न सक्नेछ ।साथै अनुगमन तथा निरीक्षणबाट उत्कृष्ट व्यवसायिक कृयाकलाप गर्ने सहकारी संस्थालाई सहकारी दिवसको अवसरमा विधागत रुपमा पुरस्कृत गर्न सक्नेछ । त्यस्तै सहकारीको नियमन तथा प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्ने कर्मचारीलाई सहकारी दिवसको अवसरमा पुरस्कृत गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा संस्थाका पदाधिकारी, सदस्य, तथा कर्माचारी वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी गरिनेछ ।

**५१. बाधा अड्काउ फुकाउ सम्बन्धी विशेष व्यवस्थाः** यो नियम तथा यसअन्तर्गत बनेका कार्यविधि, निर्देशिका र मापदण्डको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अवरोध पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**५२. जानकारी दिनुपर्ने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघ तथा प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत रहेको सहकारी संस्थाले स्थानीय तहमा कार्यालय, सेवा केन्द्र वा अन्य माध्यमबाट सेवा सञ्चालन गर्दा सिद्धार्थनगर नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सहकारी संस्थाहरुको विवरण सिद्धार्थनगर नगरपालिकाले प्रदेश र मन्त्रालयमा पठाउनु पर्नेछ ।

**५३. विनियम संशोधन:** (१) सहकारीको विनियम संशोधन स्वीकृतिको तिन महले फाराम अनुसुची ११ बमोजिमको ढाँचामा भरेर पेश गर्नु पर्नेछ ।

**५४. अनुसचीमा थपघट वा हेरफेर गर्न सक्ने:** सिद्धार्थनगर नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरीअनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-१

### (नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

### दर्ता दरखास्तको नमुना

मितिः २०    ।    ।

श्री दर्ता गर्ने अधिकारीज्यू
सिद्धार्थनगर नगरकार्यपालिकाको कार्यालय,
भैरहवा, रुपन्देही ।

विषयः **सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नामः
(ख) ठेगानाः
(ग) उद्देश्यः
(घ) मुख्य कार्यः
(ङ) कार्यक्षेत्रः
(च) दायित्वः
(छ) सदस्य सङ्ख्याः  (१) महिला .......... जना   (२) पुरुष ......... जना
(ज) प्राप्त सेयर पुजीको रकमः रु.
(झ) प्राप्त प्रवेश शुल्कको रकमः रु.

आवेदकहरुको तर्फबाट
नाम
हस्ताक्षरः

पदः तदर्थ संचालक समितिका अध्यक्ष
(प्रस्तावित.............सहकारी संस्था लि..........)

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-२
## (नियम ४ को उपनियम (२) सँग सम्बन्धित)
## सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

(१) परिचय

(२) संस्था गठन गर्नुपर्नाको कारण

(३) सदस्यताको जनसांख्यिक आधार

(४) सहभागिताको औचित्य

(५) व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमान

५.२ सदस्यहरूको संरक्षण सुनिश्चित गर्ने आधारहरू

५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण

(६) पूजी आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरू

(७) बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरू

(८) कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको सङ्ख्या,सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य

(९) पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण

(१०) महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू

(११) जनशक्ति व्यवस्था

(१२) संस्थाको विकास र स्थायित्वका आधारहरू ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-३

**(नियम ४ को उपनियम (२) र नियम २० को उपनियम (२) को खण्ड (क) सँग सम्बन्धित)**

**आवेदकहरुको विवरण फारामको ढाँचा**

| सि. न. | बाजेको नाम,थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम,थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नम्बर | औठांछाप | | फोटो र फोटोमा पर्ने गरि सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रतिशेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | दाँया | बाँया | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | |

सिद्धार्थनगर नगरपालिका

अनुसूची- ४

(नियम ४ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)

व्यवसायिक कार्ययोजनाको ढाँचा

संस्थाको नामः

ठेगानाः

क. उद्देश्यः

१. ........... ........... ........... ........... ...........

२. ........... ........... ........... ........... ...........

३. ........... ........... ........... ........... ...........

ख. कार्यहरुः

१. ........... ........... ........... ........... ...........

२. ........... ........... ........... ........... ...........

३. ........... ........... ........... ........... ...........

४. ........... ........... ........... ........... ...........

५. ........... ........... ........... ........... ...........

ग. आगामी तीन वर्षपछिको अवस्था प्रक्षेपणः

१. सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (सङ्घ/संस्था) सङ्ख्या | | | | |
| - महिला | | | | |
| - पुरुष | | | | |
| - जम्मा | | | | |
| • जम्मा सदस्यमा दलित | | | | |

२. व्यवसायिक सेवा विस्तार लक्ष्य



सिद्धार्थनगर नगरपालिका

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्य (सङ्घ/संस्था) सङ्ख्या | | | | |
| - परिमाण (...........) | | | | |
| - रकम (रु.) | | | | |
| - लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्य (सङ्घ/संस्था) लाई वस्तु वा सेवा विक्री | | | | |
| - परिमाण (...........) | | | | |
| - रकम (रु.) | | | | |
| - लाभान्वित हुने सदस्य (जना) | | | | |
| • सदस्यलाई (संस्थाका सदस्य) रोजगारीको अवसर सिर्जना<br>-प्रत्यक्ष पूर्णकालिन (जना)<br>-अप्रत्यक्ष पूर्णकालिन (वर्षमा २०८० घण्टाको १ जनाको हिसाबमा जम्मा जना) | | | | |
| • सदस्यलाई (संस्थाका सदस्य) लाई ऋण सेवा (वार्षिक)<br>- रकम (रु.)<br>- जना | | | | |
| • सदस्यलाई (संस्थाका सदस्य) लाई बचत सेवा (वार्षिक)<br>- रकम (रु.)<br>- जना | | | | |

सिद्धार्थनगर नगरपालिका

३. सहकारी गतिविधि विस्तार लक्ष्य

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • सदस्यको शिक्षा (वार्षिक जना) | | | | |
| • गाउँ/टोल/उपक्षेत्रीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक) | | | | |

| | | | | |
|---|---|---|---|---|
| • सामुदायिक विकासका योजनाहरु सञ्चालन | | | | |

४. पूँजीको स्रोत र उपयोग

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| • आवश्यकता | | | | |
| - स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर आदि) | | | | |
| - चालु पूँजीतर्फ (मौज्दात मालसामान, उधारो विक्री, नगद मौज्दात आदि) | | | | |
| - ऋण लगानीतर्फ | | | | |
| - जम्मा | | | | |
| • स्रोत | | | | |
| - शेयर पूँजी | | | | |
| - जगेडा कोष | | | | |
| -अन्य (...........) | | | | |
| - सदस्यको बचत (सदस्यलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

**५. कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

क. सञ्चालक समितिको जिम्मेवारी

.

.

ख. गाँउ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

.

.

ग. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

.

सिद्धार्थनगर नगरपालिका

.

घ. व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

.

.

ङ. प्रत्येक सदस्यको जिम्मेवारी

.

.

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु

.

.

छ. कार्यान्वयन प्रगतिको समिक्षा एवं जवाफदेही स्थापना विधि

.

.

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-५

## (नियम ४ को उपनियम (२) को खण्ड (ग) सँग सम्बन्धित)

## भरपाईको ढाँचा

भाई दादै प्रस्तावित .............. सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका श्री ......................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको ............... प्रारम्भिक भेलाको मिति ...................... को निर्णय बमोजिम प्रति शेयर रु.१००/- का दरले ............ जनाबाट जम्मा .................... कित्ताको हुन जम्मा रकम रु. ......................... (अक्षरुपी .....................................मात्र प्रवेश शुल्क रु १००।- का दरले हुन आउने रु................ (अक्षरुपी................. मात्र) गरी जम्मा रु. .............. (अक्षरुपी.. .................... मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सहीछाप गरी .............................. कार्यालयमा पेस गरेको छु ।

प्राप्त रकम हाल मेरो...........................बैंकमा रहेको ..................... हिसाब नं .................. मा जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोले सम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

नाम

दस्तखत

औठाछाँप

दाँया बाँया

इति संवत् २०....... .साल ............ महिना ................ गते ............ रोज ... शुभम् ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-६

### (नियम ४ को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धित)

### तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारामको ढाँचा

| सि.न. | बाजेको नाम,थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालकको नाम,थर | नागरिकता नं. | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औठांछाप | फोटो र फोटोमा पर्ने गरि सहिछाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | |

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-७
### (नियम ४ को उपनियम (२) को खण्ड (ङ) सँग सम्बन्धित)
### स्व-घोषणा पत्रको ढाँचा

प्रस्तावित श्री ....................सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरुले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्य कारणबाहेक अन्य कुनै कार्य कारण नभएको र देहायमा उल्लिखित कुरामा साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौं ।

हामी आवेदकहरु कोही पनि -

- यहि प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,
- बैंक वित्तिय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानुनबमोजिम कालो सुचीमा परेका व्यक्ति हैनौं,
- यसअघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र
- सहकारी दर्शन, सिद्धान्त, मुल्य मान्यता र कानुनबमोजिम स्वावलम्बन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठीक, साचों हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनि सहीछाप गर्ने -

| सि.नं. | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | सहीछाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## अनुसूची-८
## (नियम ४ को उपनियम (२) को खण्ड (च) सँग सम्बन्धित)
## अधिकार प्रत्यायोजन पत्रको ढाँचा

मिति – २०   ।   ।

श्री दर्ता गर्ने अधिकारीज्यू,
....................................... ।

विषय – अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित ............... सहकारी संस्था लि. को मिति २०   ।   । मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता क्रममा प्रचलित कानुनबमोजिम प्रक्रिया पुरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणिकरण लगायतका आवश्यक काम–कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका ................ श्री .............. , ................. श्री ................ र .............. श्री ............. समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं ।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको:–

| सि.न. | नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

अधिकार प्रत्यायोजन गर्ने आवेदकहरुको विवरण:–

| सि.न. | सदस्यहरुको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**द्रस्टव्यः** अधिकार प्रयायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

**अनुसूची-९**

**(नियम ५ सँग सम्बन्धित**

**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

श्री सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, भैरहवा, रुपन्देही

**सहकारी संस्था दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

सिद्धार्थनगर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६ को उपदफा (१) बमोजिम ....... ... ... ... ... ... लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

सहकारी संस्थाको वर्गीकरणः

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नाम :

दर्जाः

कार्यालयको छापः

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-१०

## (नियम १० सँग सम्बन्धित)

## विनियममा उल्लेख गर्नपर्ने विषयहरू

प्रस्तावना

१. संक्षिप्त नाम र प्रारम्भ,

२. संस्थाको नाम र ठेगाना,

३. परिभाषा,

४. उद्देश्य,

५. कार्य,

६. कार्यक्षेत्र,

७. संस्थाको सदस्य,

८. सदस्यताको योग्यता,

९. सदस्यताका लागि निवेदन र प्राप्ति,

१०. सदस्यताको अन्त्य,

११. सदस्यको निष्कासन,

१२. सदस्यताबाट राजीनामा,

१३. पुनः सदस्यता,

१४. सदस्यको काम, कर्तव्य र अधिकार,

१५. सदस्यता खुला रहने,

१६. सदस्यता प्राप्ति, पुन प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने,

१७. सेयर पुँजी,

१८. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने,

१९. थप सेयर खरिद गर्न सक्ने,

२०. सेयर फिर्ता वा हस्तान्तरण,

२१. प्रवेश शुल्क,

२२. कृत्रिम छेकबार नलगाइने,

२३. सेयर प्रमाण-पत्र,

२४. सदस्यको दायित्व सीमित हुने,

२५. प्रारम्भिक साधारण सभा,

२६. वार्षिक साधारण सभा,

२७. विशेष साधारण सभा,

२८. साधारण सभाको बैठक

शिवसताक्षी नगरपालिका

२९. साधारण सभाको काम, कर्तव्य र अधिकार,
३०. साधारण सभाको निर्णय अनिवार्य हुने,
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक,
३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू,
३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था,
३४. सञ्चालक समिति.
३५. समितिको काम, कर्तव्य र अधिकार,
३६. समितिको बैठक,
३७. लेखा सुपरिवेक्षण समिति,
३८. उत्तरदायित्व शृङ्खला,
३९. अध्यक्षको काम, कर्तव्य र अधिकार,
४०. व्यवस्थापकको नियुक्ति,
४१. व्यवस्थापकको काम, कर्तव्य र अधिकार,
४२. विशेष जिम्मेवारी,
४३. कर्मचारीको नियुक्ति तथा सेवाका सर्त,
४४. संस्थाको कोष,
४५. कोषको सुरक्षा,
४६. कोषको उपयोग,
४७. जगेडा कोष,
४८. संरक्षित पुँजी फिर्ता,
४९. लाभांश वितरण नगरिने,
५०. जगेडा कोषमा रकम सार्नुपर्ने,
५१. बचत सङ्कलन गर्न सक्ने/नसक्ने,
५२. बचत सङ्कलनमा सीमा,
५३. ऋण दिन सक्ने,
५४. ऋण प्रवाहमा सीमा,
५५. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने,
५६. साधारण सभाको स्वीकृति लिनुपर्ने,
५७. सदस्य केन्द्रीयता,
५८. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध,
५९. कर्मचारीसँगको कारोबारमा निर्बन्धन,
६०. जोखिम मूल्याङ्कन,

सिद्धार्थनगर नगरपालिका

६१. कारोबार नगरिने,
६२. कारोबारको लेखा,
६३. खाताबही,
६४. आन्तरिक हिसाब जाँच,
६५. वार्षिक हिसाब जाँच,
६६. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने,
६७. अन्य आधारभूत कागजात,
६८. एकीकृत सूचना प्रणालीमा आबद्धता,
६९. दर्ता गर्ने अधिकारी वा दर्ता गर्ने अधिकारीबाट अधिकार प्राप्त अधिकारीसमक्ष प्रतिवेदन,
७०. वित्तीय जानकारी एकाइमा प्रतिवेदन,
७१. साधारण सभामा जानकारी गराउनुपर्ने,
७२. हकवालाको मनोनयन,
७३. हक दाबी वा नामसारी,
७४. निर्वाचन,
७५. शपथ ग्रहण,
७६. एकीकरण वा विभाजन,
७७. कार्यान्वयन अधिकारी,
७८. मध्यस्थता,
७९. समानता र समता,
८०. विनियम संशोधन
८१. साधारण सभाले कार्यविधि बनाउन सक्ने,
८२. व्याख्या गर्ने अधिकार,
८३. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-११
### (नियम ५३ सँग सम्बन्धित)
### विनियम संसोधन स्विकृतिको तिन महले फारमको ढाँचा

श्री दर्ता गर्ने अधिकारीज्यू
सिद्धार्थनगर नगरपालिका, रुपन्देही ।

संस्थाको नामः ...................................................संस्थाको ठेगानाः......................................................................................

संस्था दर्ता नं...............................दर्ता भएको कार्यालयः...............................................................दर्ता मितिः................................

यस ................................संस्था लि.को ......औं साधारण सभामा उपस्थित कुल सदस्य मध्येबाट बहुमत/सर्वसम्मतले संस्थाको विनियम संसोधन सम्बन्धी निम्न प्रस्ताव पारित भएकोले विनियम संसोधन स्वीकृतिको लागी आवश्यक कागजात सहित निवेदन पेश गरेका छौं ।

संस्थाको कुल सदस्य संख्या .............जना

साधारण सभामा उपस्थित सदस्य संख्या ........जना

संसोधनको पक्षमा मत दिने सदस्य संख्या ...........जना, विपक्षमा मत दिने सदस्य संख्या................जना, तटस्थ रहने सदस्य संख्या .........जना

| क्र.स. | दफा (उपदफा) | विनियममा भएको व्यवस्था (संशोधन गर्नुपर्ने) | संशोधत भएर हुने व्यवस्था | संशोधनको कारण/राय |
|---|---|---|---|---|
| | | | | |

सञ्चालक समितिका पदाधिकारीहरुको | स्वीकृत गर्ने पदाधिकारीको

नामः | दस्तखतः | दस्तखतः

नामः

पदः

छापः | कार्यालयको छापः

आज्ञाले
तुल्सीराम मरासिनी
प्रमुख प्रशासकिय अधिकृत

सिद्धार्थनगर नगरपालिका